वा:पौ (साप्ताहिक)

# नगर सन्देश

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ अंक १ ● ने.सं. ११४० कछलागा षष्ठी ● वि.सं. २०७६ मंसिर २ गते सोमबार ● 2019 November 18 Monday

## प्रकाशकीय

ऐतिहासिक तथा साँस्कृतिक नगर यस कीर्तिपुर नगर राज्यबाट नै पछाडि पारिएको अनुभव भैरहेको परिप्रेक्षमा स्थानिय निर्वाचन पश्चात जनप्रतिनिधिहरूको आगमन भएको पनि करीव दुई अढाई वर्ष वितिसकेको छ। यस अवधिमा तुलनात्मक हिसावले केही सकारात्मक परिवर्तनहरू भैरहेका छन्। यद्यपि यी कुराहरू बाहिर प्रचार प्रसारको कमिले होला, त्यति अनुभूत हुन सकिरहेको छैन।

नगरपालिकाका १० वटै वडाहरू दैनिक रुपमै सुचारु रुपले संचालन हुनु नै विगतको हिसाबले अति महत्वपूर्ण कुरा हो। दिन प्रतिदिन नगरबासीका आवश्यक कामहरूका अलावा विकास निर्माणका कामहरू निरन्तर संचालन भैरहेका छन्।

नगरपालिकाका हरेक कामहरू पारदर्शीढंगले समयमै सम्पन्न गर्न नगरपालिका प्रतिबद्ध छ नै यस कुराको जानकारी नगरबासीहरूसमक्ष समय मै सुसुचित होस् भन्ने उद्देश्यले नगरपालिकाकै संरक्षकत्वमा यस "नगर सन्देश" बुलेटिन प्रकाशन गरेका छौं। नगरपालिकाका साथै नगरभित्रका कुनै पनि घटना र कामहरूको बारेमा सत्यतथ्य यस बुलेटिन मार्फत प्रचार प्रसार गर्नुका साथै जनताका समस्या र गुनासाहरू पनि यसै मार्फत समयमै सम्बोधन हुने कुराको विश्वास दिलाउँदै साप्ताहिकरुपमै प्रकाशन हुने यस 'नगर सन्देश'मा आ-आफ्ना विचार प्रतिक्रिया दिई सहयोग गरिदिनु हुन समेत अनुरोध गर्दछौं।

अन्तमा, नेपाल संवत् ११४० नयाँवर्ष तथा कीर्तिपुर लगायत सातगाउँले जात्राको उपलक्ष्यमा समस्त नगरबासीलाई हार्दिक मंगलमय शुभकामना।

**कीर्तिपुर नगरपालिकाको मौलिक कार्यक्रम**

# 'घरघरमा स्थानीय सरकार'



कीर्तिपुर नगरपालिकाको नयाँबजारस्थित नवनिर्मित आफ्नै भवन। *तस्बिर : प्रताप महर्जन*

तात्कालिन नेकपा एमालेले आफ्नो चुनाबी घोषणापत्रमा आगामि नेकपा एमालेले बिजयी पश्चात सिंहदरबारको शक्ति गाउँ गाउँमा पुर्‍याउने भनेर "घरघरमा सिंहदरबार"को कार्यक्रम घोषणा गरेको थियो। सोहि अनुरुप कीर्तिपुर नगरपालिकामा घरघरमा स्थानीय सरकारको कार्यक्रम शुरु गरेको छ।

यहि आर्थिक वर्ष २०७६/०७७ देखि लागु भएको उक्त कार्यक्रम अन्तर्गत यस नगरभित्र बच्चा जन्मेको बेलामा सम्बन्धीत वडाका प्रतिनिधिहरूले बधाई सहित नगद रु. दुई हजार हस्तान्तरण गर्ने र यस नगरका कोहि पनि ब्यक्ति स्वर्गारोहण भएको खण्डमा श्रद्धाञ्जली ब्यक्त गर्दै सम्बन्धित वडाका प्रतिनिधि मार्फत रु. दुई हजार आर्थिक सहयोग गर्नेछ।

गत साउन १ गते देखि कार्यान्वयनमा आएको यस कार्यक्रम अन्तर्गत हाल सम्म यस नगरमा २७ जना बच्चा जन्मेका छन् भने ५६ जना स्वर्गारोहण भएको छ।

वडा नं.१ मा २ जना जन्मेका छन् भने ५ जना स्वर्गारोहण भएका थिए। त्यसै गरी वडा नं. २ मा २ जनाको जन्म, वडा नं. ३ मा २ जनाको जन्म र ४ जनाको स्वर्गारोहण, वडा नं. ४ मा १ जनाको जन्म र ५ जनाको स्वर्गारोहण, वडा नं. ५ मा २ जन्म र ८ जनाको स्वर्गारोहण, वडा नं. ६ मा ३ जनाको जन्म र ११ जनाको स्वर्गारोहण, वडा नं. ७ मा ३ जनाको जन्म र ३ जनाको स्वर्गारोहण, वडा नं. ८ मा २ जनाको जन्म र ९ जनाको स्वर्गारोहण, वडा नं. ९ मा ५ जनाको स्वर्गारोहण त्यसैगरी वडा नं. १० मा १० जनाको जन्म र ६ जनाको स्वर्गारोहण भएको थियो।

सम्बन्धित परिवारले सम्बन्धित वडा मार्फत आर्थिक सहयोग पाइसकेको छ।

यस कार्यक्रम अनुरुप नगरका जनतासँग सुख र दुःखमा साथ दिएकोमा नगरपालिकालाई जनताले आफ्नै सरकार ठानी धन्यवाद् दिएका छन्।

# कीर्तिपुर नगरका योजना र लगत

कीर्तिपुर नगरमा विकास निर्माणका कार्यहरू के कति भैरहेका छन् भन्ने कुराको आम नगरबासीलाई जानकारी गराउने उद्देश्यले नगरपालिकामा भएका योजनाहरू र त्यसको लागत अनुमान प्रस्तुत गरेका छौं।

वि.सं. २०७६ कार्तिक महिना (कार्तिक २८ गते सम्म) को योजनाहरू र त्यसको लागत अनुमान प्रस्तुत गरेका छौं।

क) नगरस्तरीय योजनाहरू

| क्र.सं. | योजनाको नाम | योजनास्थल | ल.ई. | न.पा. | उ.स. |
|---|---|---|---|---|---|
| १. | पुष्पलाल पार्क- तीनधारा सडक विस्तार तथा सुधार | वडा नं. ४ | ५,५१४,६००।०० | ३,८६०,०००।०० | १,६५४,६००।०० |
| २ | कीर्तिपु गेट-भाजंगल सडम सुधार | वडा नं. ९ | ६,८०७,०००।०० | ४,७६२,०००।०० | २,०४५,०००।०० |
| ३ | लाखे ल्वहं तथा सार्वजनिक जग्ग संरक्षण | वडा नं. १० | ८६२,६५०।०० | ६००,०००।०० | २६२,६५०।०० |

टेण्डर प्रक्रियामा रहेका नगरस्तरीय योजनाहरू

| क्र.सं. | योजनााको नाम | योजनास्थल | ला|ई. | जिनियोजित रकम |
|---|---|---|---|---|
| १. | नयाँबजार मङ्गलमा.वि., बाघभैरव सडक कालोपत्रे | वडा नं. १० | १,७११,०००।०० | १,९९३,३६८।१५ |
| २. | टि.यू. ताँल्चा कीर्तिपुर चक्रपथ सडक कालोपत्रे | वडा नं. १० | १,७११,६००।०० | १,९९३,९९५।३८ |

**ख) वडास्तरीय योजनाहरु**

| क्र.सं. | योजनाको नाम | योजनास्थल | ल.ई. | न.पा. | उ.स. |
|---|---|---|---|---|---|
| १ | धःपा सुन्दरबस्तीभित्रको बाटो ढलान र तःधंख्यःदेखि ज्ञानेन्द्र कार्कीको घरसम्म खाने पानी पाइप लाइन विस्तार | वडा नं. ३ | ७५९,७६७।०० | ४९२,६३७।०० | २६७,१३०।०० |
| २. | तल्लो गाम्चाको बाटो स्तरोन्नति | वडा नं. ४ | ५३६,७५५।०० | ४८२,५००।०० | ५४,२५५।०० |
| ३. | भगवानस्थान चौर (गाम्चा) हुँदै ओमशान्ति जोड्ने बाटो स्तरोन्नति | वडा नं. ४ | ७०५,९४०।०० | ५००,०००।०० | २०५,९४०।०० |
| ४. | झुलपोखरी प्रगति हाइट बाटो स्तरोन्नति | वडा नं. ४ | ६९०,४६१।०० | ४८२,५००।०० | २०७,९६१।०० |
| ५. | अम्बिका बिष्टको घरदेखि माथि थापागाउँ जाने बाटो स्तरोन्नति | वडा नं. ४ | ५३६,६९८।०० | ४८२,५००।०० | ५४,१९८।०० |
| ६. | नगरकोटी टोल बाटो निर्माण | वडा नं. ६ | ६९७,४०५।५३ | ४८२,५००।०० | २१४,९०५।५३ |
| ७. | चापाडाँडा रिटेनिङ्गवाल निर्माण | वडा नं. ६ | ३००,०१२।३३ | २१०,०००।०० | ९०,०१२।३३ |
| ८. | गुठ चिहानपाटी निर्माण | वडा नं. ६ | ५०२,०१५।९० | ३९२,०००।०० | ११०,०१५।९० |
| ९ | चोभार आदिनाथ/गणेशस्थान जाने मूलबाटो (इतागोलको सम्पदा बस्तीदेखि गरुडस्थानसम्म जाने बाटो) स्तरोन्नति तथा ढुङ्गा/ब्लक छपाइ र बस्तीभित्रको पाटीमा पौराणिक शैली झल्काउने ईंटा टाँस्ने (वडा गौरवको योजना) | वडा नं. ७ | २,७५०,०००।०० | २,२००,०००।०० | ५५०,०००।०० |
| १०. | देवल क्षेत्रको वरिपरिको बाटोमा ब्लक छपाई र वैष्णवि मा.वि.को पूर्व खण्डमा ढल निकास | वडा नं. ७ | ८७५,०००।०० | ७००,०००।०० | १७५,०००।०० |
| ११. | बीच भाजंगालको अधुरो ढल निकास | वडा नं. ७ | ६२५,०००।०० | ५००,०००।०० | १२५,०००।०० |
| १२. | बीच भाजंगालको पुस्तकालय पुनः निर्माण | वडा नं. ७ | ६२५,०००।०० | ५००,०००।०० | १२५,०००।०० |
| १३. | ज्येष्ठ नागरिक पाटी निर्माण | वडा नं. ८ | ६३२,०००।०० | ६००,०००।०० | ३२,०००।०० |
| १४ . | मानटोल ढल निर्माण एवं पानीट्यांकी खरिद | वडा नं. १० | ५२८,२५९।०० | ४२२,६००।०० | १०५,६५९।०० |
| १५. | निखासी टोल सुधार | वडा नं. १० | ३७७,३६१।०० | ३००,०००।०० | ७७,३६१।०० |

## कीर्तिपुर नगरपालिका आफ्नै भवनमा सर्दै



कीर्तिपुर नगरपालिका कार्यालय आफ्नै नवनिर्मित भवनमा सर्ने भएको छ। हाल वडा नं. २ देवढोका स्थित ईन्द्रायणी क्लवको भवनमा र केहि शाखाहरू विष्णुदेवि अस्पताल नजिकको एउटा घरमा कार्यालय सञ्चालन गर्दैरहेकोमा लोकतान्त्रिक चोक नयाँबजारमा आफ्नै भवन सम्पन्न भैसकेकोले उक्त भवनमा कार्यालय सार्न लागेको हो।

हाललाई नक्सा शाखा, शिक्षा शाखा, महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा, पुनःनिर्माण शाखा, सहकारी शाखा र विपद् ब्यवस्थापन शााखा मंसिर १ गते देखि नै संचालन भैरहेको छ भने बाँकि छिट्टै नै सरेर कीर्तिपुर नगरपालिकाका सम्पूर्ण कामहरू उक्त आफ्नै भवनबाट सुचारु हुनेछ।

# कि.मा.वि.मा पुस्तकालयको उद्घाटन







कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले पुस्तकालय आफ्नो राजनितिक गुरु भएको बताउनु भएको छ। कीर्तिपुर माध्यामिक विद्यालयमा नवनिर्मित पुस्तकालयको उद्घाटन गर्नु हुँदै प्रमुख अतिथि मेयर महर्जनले ज्ञानको भण्डार र अनुशासनको श्रोत नै पुस्तकालय भएकोले आफूले पनि पुस्तकालयमा भएको विभिन्न पुस्तकहरू पढ्दै राजनितिका कुरा सिकेको कुरा बताउनु भयो।

कार्तिक २५ गते आइतबार भएको एक कार्यक्रममा मेयर महर्जनले कीर्तिपुर माध्यामिक विद्यालयमा नवनिर्मित पुस्तकालयको ढोकामा रिवन काटी उद्घाटन गर्नुभएको थियो। पुस्तकालयको उद्घाटन गर्नुहुँदै मेयर महर्जने पुस्तकालयको अधिकतम उपयोग गर्न पनि सुझाव दिनु भयो। आधुनिक यूगमा अत्याधिक मात्रामा सामाजिक संजाल प्रयोग भइरहेकोले उक्त सामाजिक संजालमा अनावश्यक गेमहरू खेल्ने जस्ता कामहरू भइरहेकोले त्यसको सट्टा पुस्तकालयमा समयदिई विभिन्न पुस्तकहरू पढ्ने बानी गर्नुपर्ने बताउनु भयो। साथै उक्त पुस्तकालयलाई पनि छिट्टै नै ई-लाईब्रेरी बनाउन शिक्षा शाखालाई निर्देशन समेत दिनुभयो। सो पुस्तकालयको स्थापनार्थ कीर्तिपुर नगरपालिकाले रु.छ लाख पचास हजार बजेट विनियोजन गरेको थियो।

कीर्तिपुर नगरपालिका वडा नं. ९, बाहिरी गाउँमा अवस्थित पुरानो सरकारी स्कूल कीर्तिपुर माध्यामिक विद्यालयको पुस्तकालय उद्घाटन समारोह वडाअध्यक्ष गंगाराम महर्जनको सभापतित्वमा सम्पन्न भएको थियो। विद्यालयका शिक्षक ईन्द्र चापागाईंले सञ्चालन गर्नुभएको कार्यक्रममा कीर्तिपुर नगरपालिका शिक्षा शाखा प्रमुख टंक गैरे, विद्यालयका प्रधानाध्यापक लिलानाथ अधिकारी, शिक्षाविद् तथा भू.पु.विद्यार्थी प्रा.डा. रामकृष्ण महर्जनले आ-आफ्नो मन्तब्य राख्नुभएको थियो।

शिक्षिका सरला श्रेष्ठले स्वागत मन्तब्य राख्नुभएको उक्त कार्यक्रममा पुस्तकालय संयोजक शिवराम चालिसेलाई सम्मान पनि गर्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि मेयर महर्जनलाई मायाको चिनो प्रदान गर्नुभएको थियो। विशेष अतिथिलाई पनि मायाकोचिनो प्रदान गर्नुभयो।



**ओलम्पिक कमिटी बंगलादेसका सदस्य सचिव शेद् शाहेद राजासहितका टोलि कीर्तिपर भम्रणको सिलसिलामा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले कीर्तिपुरको पर्यटकिय स्थान बाघभैरव लगायत कीर्तिपुर नगरका विभिन्न पर्यटकिय स्थानकोबारेमा जानकारी गराउँदै हुँदै ।** *तस्बिर : ज्ञानकुमार महर्जन*

## १० वडामा ज्येष्ठ नागरिक भवनको शिलान्यास



कीर्तिपुर नगरपालिका वडा नं. १० को जिफागलमा शंखधर जेष्ठ नागरिक सेवा केन्द्रको नयाँ भवनको शिलान्यास यहि कार्तिक २३ गते सम्पन्न भएको छ। वडाभरिका जेष्ठ नागरिकमध्ये पनि जेष्ठ नागरिक ९३ बर्षिय अष्टमाया महर्जनले उक्त भवनको शिलान्यास गर्नुभएको हो।

२०७५ असाढ १६ गते विधिवत् रुपमा उद्घाटन गरि संचालन गरिरहेको उक्त केन्द्रमा जेष्ठ नागरिकहरूको चापले गर्दा ठाउँको अभाव भइरहेको थियो। त्यहि ठाउँको अभावलाई मध्यनजर गर्दै कीर्तिपुर नगरपालिका वडा नं १० को वडा स्तरिय बजेटबाट रु.६००,०००।- बीउ रकमको रुपमा राखी भवन निर्माणकार्य शुरु भएको हो।

शिलान्यास कार्यक्रममा वडाका अध्यक्ष अमन महर्जनले जेष्ठ नागरिक समाजको बोझ होईन, मार्ग निर्देशक भएको र उनीहरूको सेवाको लागि सहयोग गर्नु भगवानलाई पुज्नु भन्दा ठूलो पुण्य काम भएको बताउनु भयो। सहयोगी मनहरूले आफूले सक्ने जति सहयोग गर्न समेत अध्यक्ष महर्जनले अनुरोध गर्नुहुँदै रु.५,००० ।- र सो भन्दा बढी सहयोग गर्ने दाताहरूको नाम शिलापत्रमा उल्लेख गर्ने समेत जानकारी गराउनुभयो। स्थानीय समाजसेवीहरू लक्ष्मी कुमार महर्जन र केशरत्न बज्राचार्यले जेष्ठ नागरिक भवनको आवश्यकता बारे प्रकाश पार्नु भएको थियो। जेष्ठ नागरिक नीलबहादुर श्रेष्ठले आफ्नो अनुभव सुनाउनुहुँदै रु.५२,०००।- सहयोग गर्नुभयो।

## मेयर उपमेयर फिल्ड निरिक्षणमा





कीर्तिपुर नगरपालिका वडा नं. ४ चम्पादेवीमा आखो ईन्टरप्राइजेजले करीव ११ रोपनी ६ आना र ३ पैसाको क्षेत्रफलमा अनाधिकृत रुपमा प्लटिङ्ग गरिरहेको साथै वडा नं. ४ मै आफ्नो जग्गामा अर्कैले घर बनाईरहेको भन्ने उजुरीका आधारमा कार्तिक २८ गते फिल्ड निरिक्षण गर्नुभएको छ।

नगरपालिकाका ईन्जिनियर रविन फैजु र नक्सा शाखा प्रमुख सुरज ओझा सहितको टोलिले निरिक्षण गर्नु भएको हो। वडा नं. ४ का अध्यक्ष राजेन्द्र बाँनियाले चम्पादेवीमा अनाधिकृत रुपमा प्लटिङ्ग गरिरहेको बारे उक्त टोलिलाई ब्रिफिङ्ग गर्नुभएको थियो। त्यस्तै वडा नं. ४ गाम्चा स्थित विद्या सागर मालीको जग्गामा भाईचा भन्नेको छोरा राजेशले घर बनाएको भन्नेबारे निरिक्षण गर्दै नगरपालिकामा सम्पर्क गर्न निर्देशन दिनुभयो।

# सूचना । सूचना । सूचना

प्रकाशित मिति : २०७६/०७/२७

कीर्तिपुर नगरपालिका कृषि शाखाको आ.ब. २०७६ र ०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत पांगारिक उत्पादनलाई जोड दिने तथा कम्पोष्टमलको उत्पादन र उपयोग बढाई माटोको उर्वराशक्तिमा सुधार ल्याउन गोठ सुधार कार्यक्रम (भकारो सुधार) मा आवश्यक सामाग्री अनुदान दिने कार्यक्रम रहेको हुँदा कीर्तिपुर नगरपालिकाका पशुपालन ब्यवसायमा संलग्न फार्मरकिसानहरूबाट निवेदन आव्हानको लागी यो सुचना प्रकाशीत गरीएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १० दिन भित्र (मिति:२०७६ मंसिर ७ गते सम्म) ईच्छुक पशु पालन फार्म संचालक तथा कृषकले कार्यालय समय भित्र कृषि शाखा कार्यालय चारघरे कीर्तिपुरमा तपसील बमोजिमका कागजात सहित रितपूर्वकको आवेदन दरखास्त दिनुहुन अनुरोध गरिन्छ।

## तपशिल

१. रु १० (नगद) निवेदन दस्तुर सहितको आवेदन।
२. आवेदकको नेपाली नागरीकताको प्रमाण-पत्रको प्रतिलिपी।
३. आवेदक कृषकले पशु पालन गरिरहेको ब्यहोरा खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
४. फार्म दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपी।

## आवेदन छनौटका आधारहरू :

- पशुपालन तथा ब्यवसायीक कृषि पकेट क्षेत्रलाई लक्षित गरि छनौट गरिने छ।
- कम्तिमा गाई हो भने ३ वटा र भैशी हो भने १ (ठूलो पशु) पालेको हुनु पर्ने।

*नोटः आवेदन संकलन पश्चात कृषि शाखाका कर्मचारीहरूको स्थलगत अनुगमनका आधारमा आवेदन छनौट गरिने र तोकिएको कार्यविधीका अनुसार कार्यक्रम उपलब्ध गराईनेछ।*

(थप जानकारीका लागि शाखाका कर्मचारी अदिति विष्ट मो.न ९८६५०७६२७७ र गणेशबहादुर थापा मो.नं ९८५१२३३३५५ मा सम्पर्क गर्न सक्नुहुनेछ)

**कीर्तिपुर नगरपालिका**
**कृषि शाखा, चारघरे**

प्रकाशित मिति : २०७६/०७/२६

# विषय : नतिजा प्रकाशन सम्बन्धी सूचना

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग, बबरमहल, काठमाण्डौको स्थानीय तहमा रहने सेवा ईकाईका लागि जनशक्ती छनौट सम्वन्धी मापदण्ड, २०७६ अनुसार प्रकाशित सूचना बमोजिम संक्षिप्त सूचीमा परेका एम.आई.एस. अपरेटर र फिल्ड सहायक पदका उमेदवारहरूको विभागले तोकेको पाठ्यक्रम अनुसार मिति २०७६र०७र२४ गते लिईएको सीप परीक्षण र २०७६र०७र२५ र २६ गते अन्तरवार्ता लिईएकोमा विभागले सक्षिप्त सूची प्रकाशन गर्दा प्रदान गरेको अंक, सीप परीक्षणबाट प्राप्त अंक र अन्तरवार्ताबाट प्राप्त अंक विभागको सिस्टममा अपलोड गर्दा तपशिल बमोजिमको एकमुष्ट योग्यताक्रम कायम हुन आएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छानियुक्तीका लागि सिफारिस भएका उम्मेदवारहरूले मंसिर १ गते कार्यालय समयमा नगरकार्यपालिका कार्यालयमा सम्पर्क गर्नहुन जानकारी गराईन्छ।

## तपशिल

**पद : एम.आई.एस. अपरेटर** **आवश्यक संख्या - २ (दुई)**
**संक्षिप्त सूचीमा समावेश संख्या :- ८** **सीप परीक्षणमा उपस्थित संख्या :- ८**
**अन्तरवार्तामा उपस्थित संख्या :- ७**

| सि.न. | रोल नं. | नामथर | बाबुको नाम | कैफियत |
|---|---|---|---|---|
| **सफल उमेदवार** | | | | |
| १ | ४३५८३ | संजीता लामा | श्याम लामा | |
| २ | ४१३०० | रोनेट महर्जन | भाईराम महर्जन | |
| **बैकल्पिक उमेदवार** | | | | |
| १ | १७४६७ | गोपाल महर्जन | कृष्ण गोपाल महर्जन | |
| २ | ४३५१७ | रमिता महर्जन | राम बहादुर महर्जन | |
| ३ | २५१९५ | शिव पन्थी | राम प्रसाद पन्थी | |
| | ४३३६० | रेश्मा महर्जन | राजभाई महर्जन | |

**पद :- फिल्ड सहायक** **आवश्यक संख्या :- १ (एक)** **संक्षिप्त सूचीमा समावेश संख्या :- ३** **अन्तरवार्तामा उपस्थित संख्या :- २**

| सि.न. | रोल नं. | नामथर | बाबुको नाम | कैफियत |
|---|---|---|---|---|
| **सफल उमेदवार** | | | | |
| १ | ७४३९ | पूजा रोक्का | जय बहादुर रोक्का | |
| **बैकल्पिक उमेदवार** | | | | |
| १ | २४७६१ | शिव पन्थी | राम प्रसाद पन्थी | |

**ध्रुवराज आचार्य**
*प्रमुख प्रशासकीय अधिकृत*

# किपूया ज्याथःजिथिपिंत स्वक्वःखुसि सितिकं भ्रमण



किपू नगरपालिका वडा ल्याः ३ या ज्याथःजिथिपिंत स्वक्वःखुसि सितिकं भ्रमण यंकूगु दु। किपू नगरपालिका वडा ल्याः ३ या ग्वसालय् दँयदसं धार्मिक व साँस्कृतिक भ्रमण यंकाच्वंगु खःसा शुक्रवाः स्वन्हुया लागि पर्यटकिय व धार्मिक स्थल पोखरा भ्रमणया नितिं वंगु खः। शुक्रवाः सुथय् किपू नगरपालिकाया मेयर रमेश महर्जन, उपमेयर सरस्वति खड्का रिजाल, किपू नगरापालिका वडा ल्याः ३ या अध्यक्ष राजेन्द्र महर्जन, १ या अध्यक्ष हर्ष महर्जन व ९ या अध्यक्ष गंगाराम महर्जनपिंसं खादां क्वखायेका, सिन्हःतिकाः विदाई यानादीगु खः।

किपू नगरपालिका वडा ल्याः ३ या ९० म्ह ज्याथःजिथिपिंत पोखरा भ्रमणय् यंकूगु खःसा इमित बिचाःयायेत स्वास्थ्यय् प्यम्हलिसें नीम्ह स्वयम् सेवकत नं दुथ्याःगु खः। प्यंगः बसय् वंगु उगु भ्रमण शनिवाः न्हिच्छि पोखरा चाःहिलाः आइतवाः छाब्दी बाराही मन्दिर दर्शनयाका लिहाँवइगु ग्वसाःखलकं जानकारी ब्यूगु दु। लुमंकेबहःजु थ्वयां न्ह्यः लुम्बिनी, मनकामना व जानकी मन्दिरय् चाःहिका हयेधुंकूगु दु।

## सुचं ! सुचं ! ! सुचं ! ! !

**किपू नगरपालिकाया ख्वाःपौ थुगु 'नगर सन्देश' बुलेटिनयात कयाः छुं नं सरसल्लाह व प्रतिक्रिया बियादीत इनाप यानाच्वना।**

स्वापूया निंतिं : **किपू नगरपालिका भवन** ● **फोन** : ४-३३११८९
● **ई-मेल** : nagarsandes@gmail.com

# किपू नगरपालिका व चन्द्रागिरी नगरपालिका दुने न्ह्याकाच्वंगु अप्पा भट्टात चीकीगु

किपू नगरपालिका व चन्द्रागिरी नगरपालिका दुने न्ह्याकाच्वंगु अप्पा भट्टा चीकीगु जूगु दु। अप्पा भट्टां पिहाँवइगु कुंयानां वातावरण दुषित जुइगु लिसें स्वास्थ्य समेत नकारात्मक असर जूगुलिं उगु भट्टा चीकेगु धाःगु खः। छुं न्हि न्हयःनिसें उगु भट्टा त चीकेत मागयासें स्थानियत संघर्ष समिति दयेका आन्दोलित जुयाच्वंगु खः।

स्थानियत आन्दोलित जूगुलिं छुं अप्रिय घटना मजुइमा धकाः यैं जिल्ला प्रशासन ज्याकुथिं बिहिवाः सर्बदलिय मुँज्या तया थ्व खँ क्वःछ्यूगु खः। यैं जिल्ला प्रशासक सिडिओ जनक राज दाहालया हे कुतलय् थ्व सर्वदलिय मुँज्या च्वंगु खः। यैं जिल्ला प्रशासन ज्याकू बबरमहलय् च्वंगु मुँज्याय् संघर्ष समितिया पदाधिकारीतलिसें सर्वसाधारण जनतातयूसं ब्वतिकयादीगु खःसा भट्टा व्यवसायी, चन्द्रागिरी नगरपालिकाया मेयर घनश्याम गिरी, किपू नगरपालिकाया मेयर रमेश महर्जन, नगरपालिकाया वडाध्यक्षलिसें उद्योग मन्त्रालयया वातावरण विभागया पदाधिकारीपिनिगु नं ब्वति दुगु खः।

संघर्ष समितिया पदाधिकारीतयूसं स्वास्थ्य प्रतिकूल असर लाःगुलिं गुगुनं हालतय् अनं भट्टा चीकेमाःगु माग याःगु खःसा भट्टा व्यवसायीतयूसं उद्योग मन्त्रालयस आधिकारीक रुपं दर्ता याना न्ह्याकाच्वनागु उद्योग खारेज मयायेत इनाप याःगु खः। बरु वातारणिय असर जूसा उकीयात निश्चित मापडण्ड दुने च्वना ज्या याकेत इनाप याःगु खःसा न्हूगु न्हूगु प्रविधि वयाच्वंगुलिं उकीयात नालाः वातावरणि लिसें स्वास्थ्य् नं म्हो जक असर लाइकथं ज्या



*सिडिओ कार्यालय अप्पा भट्टा चीकेगु निंतिं जूगु सर्वदलिय बैठकय् न्ववासे मेयर रमेश महर्जन*

याकेत इनाप याःगु खः। उद्योग विस्थापन याना देय्यात समृद्धि जुइमखु धासें थःपिनिगु यक्व हे लगानी लानाच्वंगुलिं नं उद्योग चलेयाकेबीमाःगु माग याःगु खः।

चन्द्रागिरी नगरपालिकाया मेयर घनश्याम गिरीं नगरपालिकाया बोर्डं मुक्कं भट्टा चीकेगु निर्णय यानातयेधुनागु जूगुलिं नगरपालिकाया निर्णय हे अन्तिम निर्णय खःधासें जनताया चाहना कथं थःपिं जनप्रतिनिधिपिं जुइमाःगुलिं नं भट्टा अनं चीके हे माःगु न्ह्यथनादिल। बरु भट्टा चीकेत छुं ई माःसा प्रक्रियागतढंगं निश्चित ई या दुने चीकेत उजं बियादिल। किपू नगरपालिकाया मेयर रमेश महर्जनं किपू नगरपालिकां न्हापाया जनप्रतिनिधिया इलय् हे नगरपालिका दुने भट्टा त मतयेगु निर्णय यानातःगु लुमंकादिसें स्वनिगलय् अप्पा भट्टा तये हे मज्यूगु बिचाः तयादिल। चन्द्रागिरी नगरपालिकाय् चलेयानाच्वंगु आपाःलं भट्टातयूसं किपू नगरपालिकाय् च्वंगु जग्गाया चा ल्ह्ययाच्वंगुलिं व ज्यायात न्हापा हे प्रतिवन्ध तयातयागु धयादिल।

जिल्ला प्रशासक सिडिओ जनकराज दाहालं निश्चित प्रक्रिया पूवंका जक भट्टा चीके माःगु जूगुलिं सर्वपक्षिय समिति दयेका उगु समितिया प्रतिवेदनकथं निश्चित ई या दुने भट्टात चीकेत उजं बिसें उगु सर्वपक्षिय समिति दयेकेत उजं बियादिल।

# स्वीडेनया संस्था सिडाया प्रतिनिधिमण्डल किपू भम्रणय्



स्वीडेनया संस्था सिडा (स्वीडेन ईन्टरनेशनल डेभलपमेण्ट एजेन्सी) या प्रतिनिधिमण्डलं थ्वहे कार्तिक २२ गते शुक्रवाः किपू नगरपालिकाया मेयर रमेश महर्जन व उपमेयर सरस्वति खड्का रिजालयात नापलानादीगु दु। अन्तर्राष्ट्रिय तालिम ज्याइ्वः न्ह्याकाच्वनीगु इ्वलय् लः व धःयात व्यवस्थित यायेगुया लिसें त्वनेगु लः, सुचुपिचु व सार्वजनिक चःबियाबारे यलय् तालिम न्ह्यानाच्वंगु खः।

नेपाः, म्यानमार, कम्बोडिया, बंगलादेश व लाओसयाना न्यागू देय्या ब्वति दुगु थुगु तालिमया झ्ःवलय् किपू नगरपालिकाया भ्रमणय् झाया किपूया मेयर व उममेयरयात नापलानादीसें नगरपालिकाया ज्यायाबारे खँल्हाबँल्हा यानादीगु खः। स्वीडेनया क्लाउज पेडेरसन व नेपाःया प्रकाश अमात्यया नेतृत्वय् किपू भ्रमणय् झायादीपिंसं किपूया गेट (नयाँबजारय्) च्वंगु सार्वजनिक चःबि व भाजंगलय् च्वंगु सार्वजनिक चःबिया अबलोकन यानादीगु खः। किपूया पर्यटकिया थायूत क्वाःच्व, बाघभैरव, गुम्बा आदि नं अबलोकन यानादीगु खः। न्यावाः न्ह्याइगु थुगु तालिम स्वीडेनय् स्ववाः न्ह्याये धुंकुगु खःसा नेपालय् निवाः तालिम जुयाच्वंगु खः। थुगु तालिमय् किपू नगरपालिकापाखें वरिष्ठ ईन्जिनियर बालकृण महर्जन, सामाजिक विकास शाखाया प्रमुख अनुज प्रधान व ना.सु.ज्ञानबज्र महर्जनपिंसं ब्वतिकयाच्वनादीगु दु।

# न्हूदँया लसताय् किपुलिइ थीथी साँस्कृतिक ज्याझ्वः



नेपाल संवत् ११४० न्हूदँया लसताय् किपू नगरदुने थीथी साँस्कृतिक ज्याझ्ःवःत जूगु दु। किपू नगरपालिकाया वडा ल्याः १,२,३,९ व १० लाःगु किपू डाडाँय् दँय्दसंथें नेपाल संवत्या प्रणेता शंखधर साख्वाःया मूर्ति सहित भिंतुना साँस्कृतिक च्याली जूगु खः। गःछेँ दाफा खलःया ग्वसालय् जूगु भिंतुना साँस्कृतिक च्याली गःछेँ, लायूकू, सतःक्व, बाघभैरव, ईछेँ, तःनानी, सिंहदुवाः, म्वानत्वाः, गुत्पौ, देयूपुखू, कुतुझ्ःवः, पाघु, बाहिरी गाऊँ, ध्वाखासी, अमल्सि, नगां, खाःसिबजार, सागल, कुतिसाः, समल, द्यःध्वाखा जुया गःछेँ वया क्वचायेकूगु खः। क्वचायेके ज्याझ्ःवलय् ब्वतिकयादीपिं सकल खलः पुचः संघसंस्थातयूत किपू नगरपालिकाया मेयर रमेश महर्जनं दसिपौ लःल्हानादीगु खः।

अथेहे किपू नगरपालिकाया वडा नं. ५ व ८ लाःगु पाँगाय् नं नेपाल संवत्या प्रणेता शंखधर साख्वाःया मूर्ति सहित भिंतुना साँस्कृतिक च्याली जूगु दु। जरुहिती मां पुचःया ग्वसालय् जूगु थुगु च्याली पाँगा थीथी थाय् चाःहिउगु खः। किपू नगरपालिका वडा नं. ७ लाःगु इटागोलय् नं नेपाल संवत् ११४० न्हूदँया लसताय् भिंतुना च्याली पिदंगु दु। ११४० दँ न्ह्यः शंखधर साख्वाःजुं देय्या त्यासा पुलाः त्यासामुक्त यानालि देय्या नामं थुगु नेपाल संवत्या पलिस्था यानादीगु खः। देय्या नामं नीस्वनातःगु हलिंन्यंक छगूया छगू जक नेपाल संवत्या न्हूदँ कछलाथ्व पारु खुन्हु दँय्दसं हर्षोलासकथं हनीगु यानाच्वंगु दु।

# किपूया विषयबस्तु दुथ्याःगु चिहा संकिपा कासा जुइगु

किपू नगरपालिकाया ग्वसालय् किपू नगरया साँस्कृतिक, ऐतिहासिक व पर्यटकिय विषयबस्तु दुथ्याःगु बाखँ दुथ्याका चिहा संकिपा (शर्ट मुभि) या धेंधेंबल्ला कासा याइगु जूगु दु।

भिजित नेपाल २०२० यात लक्षितयाना नेपाः चाःहिउवइपिं पर्यटकत किपुलिई छकः नं दुस्वयेमा धकाः व किपूया म्हसिका हलिंन्यंक पितब्वयेगु कथं चिहाः संकिपा दयेकादीत इनाप याःगु खः। चिहा संकिपा थ्यंमथ्यं १५ गू मिनेटया जुइमाःगु व थ्वहे मंसीर १२ गते दुने दुथ्याकादीत नं इनाप याःगु दु।



दुथ्याःगु संकिपात धेंधेंबल्ला कासाय् दुथ्याइकथं ल्यइगु प्रत्येक संकिपायात भिंद्वःदां बीगु जूगु दु। अथेहे धेंधेंबल्लाय् न्हाप लाःम्हेसित छगू लख तका, ल्यू लाःम्हेसित न्हयेन्याद्वः तका, लियांल्यू लाःम्हेसित न्ययेद्वःतका व हपाः निगू संकिपायात म्हतिं नीन्याद्वः तका सिरपा बीगु नं घोषणा याःगु दु।

# बालबालिकासंग मेयर



न्यूज २४ को चर्चित कार्यक्रम "बालबालिकासंग मेयर" को ११९ औं कार्यक्रम कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनसंग कार्यक्रमको छायाँङ्कन गरेका छन् । कार्तिक २७ गते बाघभैरव स्थित हिल टाउन स्कूलको हलमा छाँयाङ्कन गरको कार्यक्रममा कीर्तिपुरका विभिन्न स्कूलका बालबालिकाहरूको उल्लेख्य उपस्थिति थियो ।

उक्त कार्यक्रमको ५ औं कार्यक्रम पनि करीव २० महिना अगाडि मेयर महर्जनसंग नै कार्यक्रम बनाएको थियो । कार्यक्रममा मेयरले पहिलेको कार्यक्रममा गर्नुभएको प्रतिबद्धता कतिको कार्यान्वयन भयो भन्ने विषयबाट नै शुरु भएको थियो । मेयर महर्जनले कीर्तिपुर नगरको बाटो अपाङ्गमैत्री बनाउने प्रतिबद्धता कार्यान्वयन भैरहेको र कीर्तिपुर नगरपालिकाको नयाँ भवन पनि अपाङ्गमैत्री बनाएको बताउनु भयो । त्यस्तै नगरका स्कूलहरूमध्ये हालसम्म ५ वटा स्कूलमा ई लाईब्रेरी बनाइसकेको र अर्को ५ वटा स्कूलमा पनि ई लाईब्रेरी बनाउनको लागि निर्देशन दिइसकेको जानकारी दिनुभयो । खेलकुद प्रशिक्षण भैरहेकोमा त्यसलाई निरन्तरता दिने र सामुदायिक विद्यालयहरूमा सम्बन्धित वडा मार्फत खेलकुद्का सामानहरू उपलब्ध गराउने वताउनु भयो । साथै प्रत्येक स्कूलमा महिला विद्यार्थीहरूका लागि निःशुल्क सानिटरी प्याड वितरण गर्ने बताउनु भयो । करीब ७० प्रतिशत प्रतिबद्धता पूरा गरेको र बाँकि पनि क्रमशः



पूरा गर्दै जाने उक्त कार्यक्रममा बताउनु भएको थियो ।

कार्यक्रममा जनसेवा मा.वि., बालकुमारी मा.वि., लेबरेटोरी मा.वि., क्रियटिभ एकेडेमि, हिल-टाउन ई.स्कूल, वैष्णवि मा.वि., बाघभैरव मा.वि. आदि स्कूलका विद्यार्थीहरूले सार्वजनिक यातायातमा भएको असुविधा, फोहर व्यवस्थापनको समस्या, अव्यवस्थित शहर, स्कूल वरिपरि नशालु पदार्थको बिक्री विरतणमा रोक लगाउनु पर्ने, जातिय र भौगोलिक भेद्भाव भएको बारे जिज्ञसा राख्नु भएको थियो ।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उप-मेयर सरस्वति खड्का रिजाल, प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्य, लेखा अधिकृत मित्र प्रसाद घिमिरे र शिक्षा शाखाका वि.नि गोविन्द सरले जवाफ दिनुभएको थियो ।

## कानुन शाखामा १८५ वटा उजुरी

कीर्तिपुर नगरपालिकाको कानून तथा न्यायीक शाखामा मिति २०७४/०२/०९ गते देखि २०७६।०७।२९ सम्म जम्मा १८५ वटा उजुरीहरू दर्ता भएका छन् । जसमध्ये ६२ वटा उजुरीको कारवाही सम्पन्न भइसकेका छन् ।

पारिवारिक/घरेलु हिंसा सम्बन्धि २ वटा उजुरी परेका छन् भने घर/जग्गा निर्माण सम्बन्धि विवादका उजुरीहरू ८० वटा, वातावरणि चासो सम्बन्धि ४ वटा, सार्वजनिक सम्पत्ति मामदण्ड सम्बन्धि ३४ वटा, छिमेकी बिचको विवाद्का ३४ वटा, सम्बन्ध विच्छेद र मानाचामलका ३ र १ वटा अन्य (सेफ्टी ट्यांकी बन्द, ढल निकास, ज्यू ज्यान सुरक्षा, पम्प बन्द, प्रहरी शान्ति सुरक्षा, पञ्जिकरण, उद्योग बन्द र राय सिफारिस समेत) का उजुरीहरू जम्मा २७ वटा परेका छन् ।

उक्त उजुरीहरू उपर २१ वटाको न्यायीक फैसला गरेका छन् भने १० वटा प्रमुखज्यूबाट, ६ वटा प्रमुख प्रशासकिय अधिकृतज्यूबाट राय आदेश दिनुभएको छ । त्यसैगरी २५ वटा उजुरीमा मिलापत्र (मेलमिलाप) भएका छन् ।

## कीर्तिपुर नगरपालिकाको सूचना

कीर्तिपुरको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यहाँको मौलिक सामाजिक, साँस्कृतिक, ऐतिहासिक, मूर्त, अमूर्त सम्पदा, जीवनशैली लगायतका विविध विषयलाई समेटेर कीर्तिपुर सम्बन्धि चिहाः संकिपा धेँधेंबल्ला कासा (लघु चलचित्र प्रतियोगिता) (Short movie competition) आयोजना हुन गैरहेको सहर्ष जानकारी साथ ईच्छुक चलचित्रकर्मी तथा निर्माताहरूलाई मिति २०७६ मंसिर १२ गते कार्यालय समय भित्र Oneline story (Synopsis) प्रस्तुत गर्नहुन अनुरोध छ ।

प्रतियोगिता सम्बन्धि नियम तथा अन्य जानकारीको लागि सम्पर्क :

- **लक्ष्मीकुमार महर्जन ९८४१३७३९४८**
- **अनुज प्रधान ९८४१२६७७०७**

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित तथा सम्पादित ● संयोजक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३११८९ ● ई-मेल : nagarsandes@gmail.com